## कुम्मायक गाउँकार्यपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वजेट व्यक्तव्य।

कुम्मायक गाउँपालिकाका अध्क्षय तथा **१८औं** गाउँसभा अधिवेशनका सभाध्यक्षज्यू ,प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँ सभाका सदस्यज्यूहरु, कर्मचारीहरु, पत्रकार एवं सम्पूर्ण गाउँवासी महानुभावहरुमा **१८ औं** गाउँसभामा आ.व. २०८२/०८३ को बजेट प्रस्तुतीको सन्दर्भमा मेरो व्यक्तिगत एवं गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न चाहान्छु ।

सर्वप्रथम  राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र ,लोकतन्त्र ,गणतन्त्र तथा संघीयताको प्राप्ती र त्यसैको जगमा राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका वलिदानपूर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धा सुमन अर्पण गर्दछु तथा कुम्मायक गाउँपालिका भित्र विपदमा परि ज्यान गुमाउने नागरिकहरु प्रति भावपूर्ण श्रद्धान्जलि अर्पण गर्दछु ।

**गाउँसभाका  सभाध्यक्ष तथा सदस्यज्यूहरु !**

गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि स्थानीय सरकारसँग जनताहरुको अपार आशा र अपेक्षा रहेको हुन्छ । उपलब्ध स्रोत साधन र अवसरको उच्चतम प्रयोग, न्यायोचित वितरण र संविधान प्रदत्त अधिकारहरुको सफल कार्यान्वयनबाटनै जनताको विकास र समृद्धिको आकांक्षालाई पुरा गर्न सकिन्छ । सुन्दर  समुन्नत पालिका निर्माण गर्ने दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी

**" सामाजिक, आर्थिक विकासको पूर्वाधार समृद्ध कुम्मायकको आधार "** भन्ने दिर्घकालिन सोचलाइ मूर्तरुप दिन प्रस्तुत बजेट तथा कार्यक्रमले थप सहयोग पुऱ्याउने अपेक्षा राखेको छु ।

लोकतान्त्रका आधारभूत सिद्दान्त मूल्य, मान्यता अनुरुपको शासन प्रणाली, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सह-अस्तित्व, समावेसिता र समन्वयको सिद्धान्तलाई आत्मसाथ गर्दै बजेटलाई सामाजिक जीवनमा उतार्न प्रयत्नरत छौ । गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक  सांस्कृतिक विबिधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्वयात्मक विकासको बाटोमा अघि बढ्न पालिका सरकार दृढ छ । **"जनप्रतिनिधिहरु शासक होइनन, जनताका सेवक हुन"** भन्ने मान्यताको आधारमा जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि  हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदशक सिद्दान्तको रुपमा ग्रहण गरेकाछौ ।

कुम्मायक गाउँपालिका, पाँचथर

**गाउँसभाका  सभाध्यक्ष तथा सदस्यज्यूहरु !**

संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न विकास साझेदारी संघ संस्थाहरुबाट यस गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका बजेट अनुदानहरु तथा आन्तरिक श्रोत र साधनको  उचित विनियोजन र परिचालन गरी आदिवासी, जनजाती, दलित, आर्थिक तथा सामाजिकरुपले पछाडी परेका बर्ग, अपाङ्ग, महिला, बालबालिका, जेष्ठ नागरिक लगाएत समस्त गाउँवासीहरुको सहभागिता अभिवृद्धि गर्दै सन्तुलित गुणस्तरयूक्त विकास जनमुखी, जवाफदेही, मितव्ययी एवं पारदर्शी सेवा प्रदान गर्न यो गाउँपालिका आज पनि सङ्कल्पित छ ।

यस गाउँपालिकाले सीमित मानव संशाधन, आर्थिक, भौतिक साधन श्रोतको उचित परिचालन गरी पारदर्शी, जनसहभागितामूलक, आर्थिक विकास, गरिबी निवारण र बसाइँसराई न्यूनीकरणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक छिटो प्रतिफल प्राप्त हुने  मानव र वन्यजन्तु वीचको दन्द्ब न्यूनीकरण,कृषि उत्पादन बृद्धि, रोजगारी सिर्जना, जनताको जीवन माथी उठ्ने तथा आम्दानी बृद्धि हुने योजनाहरु छनौट गरी बजेटको कार्यान्वयन गर्नु पर्ने आजको आवश्कता रहेको छ ।

**गाउँसभाका  सभाध्यक्ष तथा सदस्यज्यूहरु !**
**अव म बजेट कार्यान्वयनको समस्या र चुनौतिहरु राख्ने अनुमति चाहान्छु**

**१. समस्या तथा चुनौतिहरुः**

- कतिपय उपभोक्ता समितिको काममा ढिलाई र गुणस्तरीयता कमजोर हुनु ।
- दिगो विकासका लक्ष्य अनुरुपका वातावरणमैत्री, वालमैत्री, अपाङ्गमैत्र अवधारणा अनुसार योजना तर्जुमा र कार्यान्वयन नहुनु ।
- जटिल भौगोलिक भू-बनोटको कारण विकास निर्माण कार्य खर्चिलो हुनु ।
- योजना तथा कार्यक्रमको सङ्ख्या साना र धेरै हुनु ।
- संघ, प्रदेश र स्थानीय तह वीचमा उचित समन्वयको अभाव हुनु ।
- गाउँपालिकाको पर्याप्त आन्तरीक श्रोत नहुनु ।
- ऐन, नियम कानूनहरुको पूर्ण रुपमा तर्जुमा हुन नसक्नु साथै तर्जुमा भएका ऐन, नियम कानुन र कार्यविधिहरु समय सापेक्ष संशोधन नहुनु तथा पूर्णरुपमा कार्यान्वयन हुन नसक्नु ।
- आवधिक योजना तथा सडक गुरुयोजना अनुसार योजनाको छनौट तथा कार्यान्वयन हुन नसक्नु ।

- हरेक वर्ष अनुदान कटौती हुनु ।
- आर्थिक समृद्धि  तथा रोजगारी सिर्जना हुने खालका योजनाहरु छनौट नहुनु ।
- पर्याप्त जनशक्तिको व्यवस्थापन नहुनु ।
- निर्माण व्यवसायिले बेलामा काम नगर्नु ।
- योजनाहरु अल्पकालिन सोचका हुनु ।
- वैज्ञानिक विश्लेषण बिनानै बजेट तर्जुमा हुनु ।
- बजेट तर्जुमामा बाह्य हस्तक्षेप हुनु ।

**गाउँसभाका  सभाध्यक्ष तथा सदस्यज्यूहरु !**
**अव म आ.व. २०८१/०८२ को बजेटको प्रगति समिक्षा राख्ने अनुमति चाहान्छु ।**

## २. वजेटको प्रगति र समिक्ष

नेपालको संविधानको भाग १९ र  स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ मा भएको व्यवस्था अनुसारका आर्थिक कार्यप्रणाली सञ्चालन गरी  पालिकाको आम्दानी एवं खर्चको लेखा नेपाल सरकारको प्रचलित लेखा प्रणाली तथा लेखा ढाँचा बमोजिम राखिएको छ । कुम्मायक गाँउपालिकाको कुल विनियोजित बजेट **रु.३९,२९,८०,२५७.२५।- (३९ करोड २९ लाख ८० हजार २ सय ५७ रुपैयाँ २५पैसा )** मध्ये संघीय सरकारबाट **रु.२६,४७,१९,०००.००।- (२६ करोड ४७ लाख १९ हजार)** ,प्रदेश सरकारबाट **रु.१,८४,४१,०००.००।-( १ करोड ८४ लाख ४१ हजार)**, राजश्व बाँडफाँडबाट(संघ,प्रदेश र स्थानीय) **रु. ८,५३,१९,९३८.१४।- ( ८ करोड ५३ लाख १९ हजार ९ सय ३८ रुपैयाँ १४  पैसा )**  बैंक मौज्दात **रु १,७०,००,३६७.११।- ( १ करोड ७० लाख ३ सय ६७ रुपैया ११ पैसा)** र आन्तरिक श्रोतबाट **रु.७०,००,०००.००।-(७० सत्तरी लाख)** आय अनुमान गरिएकोमा चालुतर्फ **रु.२९,५३,७४,००९.२५।- (२९ करोड ५३ लाख ७४ हजार ९ रुपैयाँ २५ पैसा )** र पूँजिगततर्फ **रु .९,७६,०६,२४८.००।-(९ करोड ७६ लाख ६ हजार २ सय ४८ रुपैयाँ)** विनियोजन भएको थियो । हालसम्म चालुतर्फ **रु १९,४०,९०,२०२.२३।-( १९ करोड ४० लाख ९० हजार २ सय २ रुपैयाँ २३ पैसा)** वा **६५.७ %** र पूजिँगततर्फ **रु.३,६५,४७,०६७.००।-( ३ करोड ६५ लाख ४७ हजार ६७ रुपैयाँ )** वा **३७.४४%** गरी जम्मा खर्च **रु.२३,०६,३७,२६९.२३।-(२३ करोड ६ लाख ३७ हजार २ सय ६९ रुपैयाँ २३ पैसा)** वा  **५८.६८**

**%** भएको छ। अनुमान गरिएको अपेक्षित आय अनुसारको रकम प्राप्त नहुँदा बजेट कार्यान्वयनमा चुनौती थपिएको छ। कुम्मायक गाउँपालिकालाई प्राप्त हुने संघीय वित्तीय समानीकरण अनुदान अनुमानित रकमको **९१.७६%** मात्र प्राप्त हुने अर्थात करिब **७५ लाख** बजेट हस्तान्तरण नहुने साथै संघीय राजश्व बाँडफाँड स्रोतको रकम पनि ठुलो परिणाममा हस्तान्तरण नहुने तथा गाउँपालिकाले अनुमान गरेको आन्तरिक आय पनि अपेक्षित रुपमा उठ्न नसकेकोले बजेट, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दा भूक्तानीमा स्रोत अभाव हुन सक्ने सम्भावना समेत देखिन्छ।

**गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु !**
**अव म आ.व. २०८१/०८२ को बजेटको क्षेत्रगत प्रगति समिक्षा राख्ने अनुमति चाहान्छु**

## कः आर्थिक क्षेत्र

आ.व. २०८१/०८२ मा **आर्थिक विकास क्षेत्रतर्फ रु. २,३९,९५,०००।-( २ करोड ३९ लाख ९५ हजार )** विनियोजन भई बालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि, ५० % अनुदानमा बाली उपचार तथा बालि संरक्षरणका लागि बिषादी व्यवस्थापन, बजारीकरणमा सहयोग कार्यक्रम, बालीहरुको प्रवर्द्धनात्मक कार्यक्रम, ५०% अनुदानमा आधुनिक कृषि औजार उपकरण बितरण कार्यक्रम, कृषकहरुलाई क्षमता विकास तालिम, गोठ सुधार कार्यक्रम। पशुपालन कृषकहरुको आय आर्जनका लागि दुध उत्पादन सङ्कलन प्रवर्द्धन तथा प्रशोधन केन्द्र सञ्चालन केन्द्र, पशुपंक्षीजन्य उत्पादन वृद्धि गर्नका लागि उत्पादन सामाग्रिमा अनुदान, खोप कार्यक्रम तथा क्षमता विकास तालिम प्रदान, सहकारीहरुमा सुशासन, पारदर्शिता र गतिशिलता प्रवर्द्धन गर्नका लागि समुदाय साथै सेयर सदस्यहरलाई वित्तीय साक्षरतासँग सम्बन्धित तालिम प्रदान कार्यक्रम, पर्यटकीय क्षेत्रहरुको पूर्वाधारको विकास र नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटकहरुलाई आकर्षक गन्तव्यको रुपमा विकास गर्नका लागि चोलुङ्ग पार्क फाउन्टेन्ट तथा अन्य व्यवस्थापन कार्यक्रम। आछिहाङ्ग, खेत यम्बा तथा टाडी खेत कुलो मर्मत, काफलबोटे पोखरी मर्मत। गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम जस्ता कार्यक्रममा मिति २०८२ असार १ गते सम्म मा **रु. ४८,९३,९५२।- (४८ लाख ९३ हजार ९ सय ५२ रुपैयाँ )** वा **२०.३९ प्रतिशत** खर्च भएको र आर्थिक बर्षको अन्त्य सम्ममा करिब **८१.३९ प्रतिशत** खर्च हुने अनुमान गर्न सकिन्छ।

## ख: सामजिक क्षेत्र

प्रथम आवधिक योजना (आ.व २०७८/२०७९ -२०८२/२०८३) ले लिएको सोचलाई पुरा गराउने आ.व. २०८१/०८२ मा **रु.२१,९९,४४,०९८।-(२१ करोड ९९ लाख ४४ हजार ९८ रुपैयाँ)** विनियोजन भएकोमा शिक्षकहरुको तलव भत्ता, सूचना तथा सञ्चार प्रविधि, पाठ्यपुस्तक, दिवा खाजा, छात्रावृद्धि, स्यानीटरी प्याड, सफा विद्यालय कार्यक्रम, पोसाक वितरण, अक्षय कोष, विद्यालय भौतिक पूर्वाधार तथा भवन निर्माण, शिक्षक सहयोग अनुदान, शैक्षिक सुशासनका लागि संस्थागत क्षमता बिकास विद्यार्थी परिक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण, स्थानीय पाठ्यक्रम कक्षा १ - ८ तर्जुमा कार्यक्रम,१५ शैय्याको कुम्मायक आधारभूत अस्पताल स्थापना, पूर्ण खोप सुनिश्चित कार्यक्रम, मातृ तथा नवशिसुसँग सम्बन्धित कार्यक्रम, स्वास्थय स्वयमसेविका प्रोत्सान कार्यक्रम, पोषण कार्यक्रम, औषधि खरिद, विद्यालयहरुमा खानेपानी फिल्टर जडान, तमोर पम्पिङ खानेपानी व्यवस्थापनका लागि विद्युत महशुलमा ५०% अनुदान, खानेपानी मर्मत , पाइप तथा ड्रम खरिद लगायता कार्यक्रम, महिला बिकास कार्यक्रम, अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम, लक्षित बर्ग बिकास कार्यक्रम, एतिहासिक स्थल तथा सम्पदाहरुलाई संरक्षण र संबर्द्धन कार्यक्रम, खेलकुद विकास कार्यक्रम,सुरक्षित नागरिक आवास कार्यक्रम, सामाजिक सुरक्षा भत्ता लगायत विबिध कार्यक्रम मिति २०८२ असार १ गते सम्म मा **रु. १४,०५,६५,८३९.४५।- (१४ करोड ५ लाख ६५ हजार ८ सय ३९ रुपैयाँ पैतालिस पैसा)** वा **६३.९ प्रतिशत** खर्च भएको र आर्थिक बर्षको अन्त्य सम्ममा करिब **९५ प्रतिशत** खर्च हुने अनुमान गर्न सकिन्छ।

## गः भौतिक पूर्वाधार क्षेत्र

चालु आर्थिक बर्ष २०८१/८२ मा भौतिक पूर्वाधार विकास **तर्फ रू.४,८७,९०,२२६।-( ४ करोड ८७ लाख ९० हजार २ सय २६ रुपैयाँ )** विनियोजन भएकोमा ३ नं. वडा कार्यलय भवन निर्माण, सडक स्तरोन्नती, पर्यटन प्रवर्द्धन , भवन निर्माण, सिँचाई पोखरी निर्माण, सिँचाई कुलो निर्माण , सडक मर्मत, गुम्बा मर्मत, विद्यालय घेराबारा ,सामुदायिक भवन निर्माण तथा व्यवस्थापन, खेलमैदान निर्माण, प्रहरी बिट निर्माण, १५ शैयाको अस्पताल निर्माण, विद्युत पोलको व्यवस्थापन, मलामी खाजा घर निर्माण लगायत विबिध कार्यक्रम मिति २०८२ असार १ गते सम्म मा **रु.१,८१,८९,३५३।- (१ करोड ८१ लाख ८९ हजार ३ साय ५३ रुपैयाँ)** वा **३७.२८ प्रतिशत** खर्च भएको र आर्थिक बर्षको अन्त्य सम्ममा करिब **८५ प्रतिशत** खर्च हुने अनुमान गर्न सकिन्छ।

**घ.सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

चालु आर्थिक बर्ष २०८१/८२ मा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ **रू. ९,४७,५०,९३३.२५।-( ९ करोड ४७ लाख ५० हजार ९ सय ३३ रुपैयाँ २५ पैसा )** विनियोजन भएकोमा कर्मचारी तलब भत्ता तथा जनप्रतिनिधिको सेवा सुबिधा, प्रधानमन्त्री रोजगार कार्यक्रम, कार्यालय सञ्चालन तथा व्यवस्थापनका कार्यक्रम, सूचाना तथा सञ्चारसँग सम्बन्धित कार्यक्रम, वीमा नविकरण कार्यक्रम, फोहोरमैला व्यवस्थापन कार्यक्रम, मानब संसाधन विकास कार्यक्रम, सामाजिक लेखा परिक्षण, पञ्जिकरण तथा राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रम, न्यायिक समिति, बिभिन्न दिवस मनाउने कार्यक्रम लगायत विबिध कार्यक्रम मिति २०८२ असार १ गते सम्म मा **रु.६,३३,९१,१५६।-(६ करोड ३३ लाख ९१ हजार १ सय ५६ रुपैयाँ )** वा **६६.९० प्रतिशत** खर्च भएको र आर्थिक बर्षको अन्त्य सम्ममा करिब **९२ प्रतिशत** खर्च हुने अनुमान गर्न सकिन्छ।

**ङःवन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

चालु आर्थिक बर्ष २०८१/८२ मा वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ **रू.५४,५३,८५७।-( ५४ लाख ५३ हजार ८ सय ५७ रुपैयाँ)** विनियोजन भएकोमा विपद् व्यवस्थापनको समाग्रि खरिद, विपद्जन्य घटनाहरुबाट प्रभावित नागरिकहरुलाई आर्थिक सहायता कार्यक्रम, त्रिपाल वितरण कार्यक्रम, प्रकोप पाईप वितरण कार्यक्रम लगायत विबिध कार्यक्रम मिति २०८२ असार १ गते सम्ममा **रु.२७,१३,२१६।- (२७ लाख १३ हजार २ सय १६ रुपैयाँ )** वा **५१.१६ प्रतिशत** खर्च भएको र आर्थिक बर्षको अन्त्य सम्ममा करिब **९० प्रतिशत** खर्च हुने अनुमान गर्न सकिन्छ।

**चःबेरुजु**

आ.व. २०८१/०८२ मा कुम्मायक गाउँपालिकाको **रू.५०,४१,९९,५६१.४३।-( ५०करोड ४१लाख ९९ हजार ५सय ६१रुपैयाँ ४३पैसा )** लेखा परिक्षण भएकोमा **रु. ३ करोड ८ लाख** बेरुजु देखिन्छ। सो मध्ये **रु. १ कारोड २ लाख ५८ हजार**को प्रतिक्रियाबाट फछर्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने **रु. २ लाख ७९ हजार**, प्रमाण कागजात पेस गर्नुपर्ने **रु. ४० लाख ६१ हजार**, नियमित गर्नुपर्ने **रु. ७७ लाख ३२ हजार**, सोधभर्ना नलिएको **रू.१ लाख २० हजार** र पेस्की बाँकी **रु.८३ लाख ६० हजार** रहेको छ। गत वर्ष सम्म **रु ७ करोड ९२ लाख १३ हजार** बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू **रु. ९ करोड ६ लाख ४५ हजार** रहेको छ। बेरुजू फछर्यौट गर्न लेखा समितिले पहल गर्नुपर्ने देखिन्छ।

**गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु !**

**अव म आ.व. २०८१/०८२ को बजेटको लक्ष्यहरु, उद्देश्यहरु, सिद्वान्तहरु र अपेक्षित उपलब्धिहरु राख्ने अनुमति चाहान्छु**

**लक्ष्यः**

- दिगो, गुणस्तरीय र सुविधायूक्त भौतिक पूर्वाधारहरुको विकास गर्ने।
- सुशासन, पारदर्शी, नागरिकमैत्री सेवा र जवाफदेहिताको प्रबर्द्धन गर्ने।
- लैङ्गिक समानता, सामाजिक न्याय, समानता तथा समावेशिकरणलाई प्रबर्द्धन गर्ने।
- शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक विद्यार्थी दरबन्दी मिलान, विद्यालय समायोजन र कक्षा समायोजन, आवशिय शिक्षा, यातायात शिक्षा लागु गरिनेछ।
- कृषि क्षेत्रलाई व्यवसायीकरण गरी कृषि उत्पादनमा आत्मनिर्भर बनाउने।
- लघु उद्यमको विकास गरी थप लघु उद्यमी सृजना गर्ने।
- गाउँवासीहरुमा स्वच्छ तथा सफा खानेपानी आपूर्ति गर्ने।
- खेलकुद क्षेत्रको थप विकास गर्न विभिन्न खेलकुद कार्यक्रमहरु सञ्चालन गर्ने।
- अस्पतालको व्यवस्थापन पक्ष सुधार गर्ने।
- पर्यटन प्रवर्द्धन गर्ने।
- वातावरणमैत्री दिगो विकासमा जोड दिंदै दिगो बिकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्ने।
- मानव र वन्यजन्तु बीचको द्वन्द न्यूनीकरण गर्ने।
- बसाइँसराई न्यूनीकरण गर्दै मानविय जीवन र गाउँपालिकाको अर्थतन्त्रमा समृद्धी हासिल गर्ने।

**उदेश्यहरुः-**

- सामाजिक संरक्षण तथा विकासमा लगानी अभिवृद्धि गरी सामजिक न्याय कायम गर्ने।
- आर्थिक विकासका क्षेत्रमा लगानी वृद्धि गरि बसाइँसराई जाने प्रवृत्तिलाई निरुत्साहित गर्ने।
- सार्वजनिक सेवा प्रवाहमा समसामयिकीकरण गरी सुशासन र विधिको शासनलाई संस्थागत गर्ने।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार गरि दिगो विकासको लक्ष्यहरुलाई आन्तरिकिरण गर्ने कार्यक्रम सञ्चालन गर्ने।

- सेवा प्रवाहलाई नागरिकमैत्रि तथा सूचना प्रविधिमैत्री बनाई रोजगारीका अवसरहरु सिर्जना तथा आर्थिक विकासका माध्यमबाट गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने ।
- बाढी, पहिरो, आगलागि आदि विपद्का लागि पूर्वतयारी  तत्कालिन राहतका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- बजेटको योजनाबद्ध, पारदर्शी र उत्तरदायी ढङ्गले उपयोग सुनिश्चित गर्ने ।
- स्वरोजगार कार्यक्रम तथा सीपमूलक तालिममार्फत स्थानीय रोजगारी सिर्जना गर्ने ।

**बजेटको सिद्धान्तः-**

- खर्च र आमदानिको सन्तुलित र जनता प्रति उत्तरदायी ।
- खर्चको औचित्य पुष्टी हुने खालको बजेट ।
- बजेट खुल्ला र सबैको पहुँचयूक्त ।
- बजेट तर्जुमामा सबै बर्ग, लिङ्ग, क्षेत्र र समुदायको आवाज समावेस ।
- विकास र सेवामा सबैको पहुँच ।
- सीमित साधन र स्रोतलाई प्राथमिकता र प्रभावकारी क्षेत्र केन्द्रित ।
- बजेटको दिर्घकालिन सोच ।
- बजेट कार्यान्वयन समय भित्र र सरल प्रकृतिको ।
- अनावश्यक खर्च कटौती गरी प्रभावकारी खर्चमा प्राथमिकता ।
- बजेटको पारदर्शिता र जवाफदेहिता ।
- आन्तरिक स्रोत (कर, शुल्क) परिचालन ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सडक, सिँचाई जस्ता सेवा क्षेत्रलाई उच्च प्राथमिकता ।
- बेरोजगार युवा, महिला उद्यमशीलता, कृषि व्यवसाय, प्रविधि प्रयोगलाई लक्षित कार्यक्रम ।
- प्रदेश र संघीय सरकारसँगको समन्वयबाट अनुदान, साझेदारी कार्यक्रम र योजना कार्यान्वयन ।
- बालमैत्री, अपाङ्गमैत्री र जेष्ठ नागरिक अनुकूल पूर्वाधार तथा सेवा ।
- तथ्याङ्क, आवश्यकता मूल्याङ्कन, योजना अनुगमनको आधारमा बजेट ।

कुम्मायक गाउँपालिका, पाँचथर

**अपेक्षित उपलब्धिहरुः**

आगामी आर्थिक बर्ष २०८२/०८३ को अन्त्यमा प्रस्तुत बजेटको कार्यान्वयनबाट निम्न उपलब्धिहरु हासिल हुने अपेक्षा लिइएको छ।

- सडकहरुको स्तरोन्नती भई सडक यातायात प्रभावकारी हुनेछ।
- खेलकुद क्षेत्रमा नयाँ र प्रतिभावान खेलाडीहरुको उदय हुनेछ।
- कृषि तथा पशुपालन व्यवसायको व्यवसायीकरणबाट थप कृषि उत्पादन वृद्धि भएको हुनेछ।
- गाउँपालिकावासीहरुमा स्वच्छ खानेपानीको थप पहुँच पुगेको हुनेछ।
- थप लघु उद्यमीहरु सृजना भई आय आर्जन र रोजगारिमा वृद्धि भएको हुनेछ साथै बसाईँसराई जाने प्रवृत्ति न्यूनीकरण हुनेछ।
- शैक्षिक गुणस्तरमा थप सुधार भएको हुनेछ।
- लैङ्गिक समानता, सामाजिक न्याय र समावेशिकरणको थप प्रवर्द्धन भएको हुनेछ।
- गाउँपालिकाको सुशासन, जवाफदेहिता र पारदर्शितामा अभिवृद्धि भएको हुनेछ।
- कुम्मायक आधारभूत अस्पतालको दिगो व्यवस्थापन भई स्वास्थ्य सेवामा गाउँपालिकावासीहरुको पहुँच वृद्धि भएको हुनेछ।
- वातावरणमैत्री र दिगो विकासको संरचना निर्माणमा टेवा पुगेको हुनेछ।
- कुम्मायक-कुस्सायक धार्मिक स्थल तथा चोलुङ्ग पार्क लगायतका क्षेत्रहरुमा पर्यटकहरुको आगमनमा वृद्धि हुनेछ।
- कुम्मायक गाउँपालिकाको आर्थिक सामाजिक क्षेत्रहरुमा थप उन्नती-प्रगति हुनेछ।
- मानव र वन्यजन्तु बीचको द्वन्द न्यूनीकरण भई कृषि उत्पादनमा वृद्धि हुनेछ।
- स्थानीय रोजगारी सिर्जना भई मानविय जनजीवनमा सुधार हुनेछ।

कुम्मायक गाउँपालिका, पाँचथर

**गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु !**
**अव म आ.व. २०८२/०८३ को आय प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

## आ.व.२०८२/०८३ को आय

| सि.नं. | राजस्व संकेत | राजश्वको शिर्षक | आ.ब.२०८०-८१ को यथार्थ आय रकम रु. | आ.ब.२०८१-८२ को संशोधित आय रकम रु. | आ.ब.२०८२-८३ को अनुमानित आय रकम रु. |
|---|---|---|---|---|---|
| १ | १३३११ | समानीकरण अनुदान संघ | ८,०५,००,०००।- | ७,४७,८४,४००।- | ८,३८,००,०००।- |
| २ | १३३१२ | शसर्त अनुदान चालु संघ | १७,३२,७२,०००।- | १७,१५,१८,१६८।- | १७,९१,००,०००।- |
| ३ | १३३१३ | शसर्त अनुदान पुँजिगत संघ | १०,००,०००।- | ५१,३२,९९९।- | २,३०,००,०००।- |
| ४ | १३३१७ | समपुरक अनुदान पूँजिगत संघ | १,००,००,०००।- | ४१,२५,०००।- | १,१७,००,०००।- |
| ५ | १३३१४ | विशेष अनुदान संघ चालु | ५०,००,०००।- | ०।- | ०।- |
| ६ | १३३१५ | विशेष अनुदान संघ पूँजिगत | ५०,००,०००।- | ०।- | १,२४,००,०००।- |
| ७ | ११४११/२१ | बाँडफाँड भई प्राप्त हुने संघ | ७४०५८५००।- | ६१०९०७११.४७।- | ७,४५,६३,३६७।- |
| | | **जम्मा** | **३४,८८,३०,५००।-** | **३१,६६,५१,२७८.४७।-** | **३८,४५,६३,३६७।-** |
| ८ | १३३११ | समानीकरण अनुदान प्रदेश | ४७,५५,०००।- | ४७,४३,०००।- | ७२,६४,०००।- |
| ९ | १३३१२ | शसर्त अनुदान चालु प्रदेश | १९,२५,०००।- | २०,९८,०००।- | ५,८५,०००।- |
| १० | १३३१३ | शसर्त अनुदान पूँजिगत प्रदेश | १५ ,००,०००।- | १६,००,०००।- | ३०,००,०००।- |
| ११ | १३३१७ | समपूरक अनुदान पूँजिगत प्रदेश | १,००,००,०००।- | १,००,००,०००।- | १,४०,००,०००।- |
| १२ | ११४५६ | बाँडफाँड बाट प्राप्त हुने सवारिसाधन कर प्रदेश | २९,३९,०००।- | २८,९३,३०३.८७।- | ४८,९२,०००।- |
| | | **जम्मा** | **२,११,१९,०००।-** | **२,१३,३४,३०३.८७।-** | **२,९७,४१,०००।–** |
| १३ | | आन्तरिक आय | ४७,२५,३५१.०२ | ४९,१७,३७५.९० | ७०,१५,०००।- |
| १४ | | बैंक मौज्दात | | | १,८०,००,०००।- |
| | | **जम्मा** | **४७,२५,३५१.०२** | **४९,१७,३७५.९०** | **२,५०,१५,०००।-** |
| १४ | ११३१५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ८,१६,९४६.२०।- | ४,५१,१५६.४७।- | ५,००,०००।- |
| १५ | १४१५७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्री बाट प्राप्त हुने आय | २७,५२,४६८.१४।- | ३,७८,०००।- | ५,००,०००।- |
| | | **जम्मा** | **३५,६९,४१४.३४** | **८,२९,१५६.४७।-** | **१०,००,०००।-** |
| | | **कुल जम्मा** | **३७,८२,४४,२६५.३६।-** | **३४,३७,३२,११४.७१।-** | **४४,०३,१९,३६७।-** |

**गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु !**

चालु आ.व. २०८१/०८२ र आगामी आ.व. २०८२/०८३ को बजेटको तुलानात्मकरुपमा हेर्दा वित्तीय समानीकरण तर्फ आ.व. २०८२/०८३ मा **२.८२ प्रतिशतले** बढी देखिन्छ । त्यस्तै गरी राजश्व बाँडफाँड तर्फ **५.१४ प्रतिशतले** कमि देखिन्छ। प्रदेश समानीकरण तर्फ **५३.१५ प्रतिशतले** बढी देखिन्छ । प्रदेश राजश्व बाँडफाँड तर्फ **५९.४८ प्रतिशतले** बढी देखिन्छ । त्यस्तै गरी बैंक मौज्दात तर्फ **२.८६ प्रतिशतले** वृद्धि भएको देखिन्छ । आन्तरिक स्रोत **०.२१ प्रतिशतले** वृद्धि भएको देखिन्छ । त्यसै गरी स्थानीय बाँडफाँडबाट प्राप्त राजश्व **७२.६२ प्रतिशतले** कमि हुने देखिन्छ ।

संघीय सरकारबाट प्राप्त शशर्त, विशेष र समपुरक अनुदान **२३.४६ प्रतिशतले** वृद्धि भएको छ । प्रदेश सरकारबाट प्राप्त शशर्त , विशेष र समपूरक अनुदानमा **२८.३८ प्रतिशतले** वृद्धि भएको छ । गाउँपालिकाको कूल आय आ.व. २०८१/०८२ को भन्दा आ.व. २०८२/०८३ मा १२.०५ प्रतिशतले वृद्धि हुन आउनेछ ।

**गाउँसभाका  सभाध्यक्ष तथा सदस्यज्यूहरु !**

**अव म आ.व. २०८२/०८३ को व्यय प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

## आ.व.२०८२/०८३ को व्यय

| सि.नं. | राजस्व संकेत | राजश्वको शिर्षक | आ.व.२०८०-८१ को यथार्थ व्यय रकम रु. | आ.व.२०८१-८२ को संशोधित व्यय रकम रु. | आ.व.२०८२-८३ को अनुमानित व्यय रकम रु. |
|---|---|---|---|---|---|
| १ | १३३११ | समानीकरण अनुदान संघ | ७,२४,१९,७४६।- | ३,५१,३१,३२७।- | ८,३८,००,०००।- |
| २ | १३३१२ | शसर्त अनुदान चालु संघ | १५,२५,११,९०९.७६।- | ११,८७,००,०६२.७८।- | १७,९१,००,०००।- |
| ३ | १३३१३ | शसर्त अनुदान पूँजिगत संघ | ९,९८,४९९।- | ८,९३,०८३।- | २,३०,००,०००।- |
| ४ | १३३१७ | समपूरक अनुदान पूँजिगत संघ | ९६,५१,१२५।- | ३५,९६,९६८।- | १,१७,००,०००।- |
| ५ | १३३१४ | विशेष अनुदान संघ चालु | ४९,३९,२३५।- | ०।- | ०।- |
| ६ | १३३१५ | विशेष अनुदान संघ पूँजिगत | ४२,८१,४१३।- | ०।- | १,२४,००,०००।- |
| ७ | ११४११/२१ | बाँडफाँड भई प्राप्त हुने संघ | ५,८५,६०,४९४।- | ५,३३,४०,६१०.४५।- | ७,४५,६३,३६७।- |
| | | **जम्मा** | **३०,३३,६२,४२१.७६।-** | **२१,१६,६२,०५१.२३।-** | **३८,४५,६३,३६७।-** |
| ८ | १३३११ | समानिकरण अनुदान प्रदेश | २४,३८,९९७।- | ३०,०३,३७२।- | ७२,६४,०००।- |
| ९ | १३३१२ | शसर्त अनुदान चालु प्रदेश | १८,१३,५२०।- | २,९८,०००।- | ५,८५,०००।- |
| १० | १३३१३ | शसर्त अनुदान पूँजिगत प्रदेश | १५,००,०००।- | ११,६४,०००।- | ३०,००,०००।- |
| ११ | १३३१७ | समपुरक अनुदान पूँजिगत प्रदेश | ७९,२०,२४७।- | ३०,९२,३२६।- | १,४०,००,०००।- |
| १२ | ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारिसाधन कर प्रदेश | २३,४४,१५६।- | २०,८१,३७५।- | ४८,९२,०००।- |
| | | **जम्मा** | **१,६०,१६,९२०।-** | **९६,३९,०७३।-** | **२,९७,४१,०००।–** |
| १३ | | आन्तरिक स्रोत | ३,८८,४५,६०३।- | १,५७,०६,५५७।- | २,६०,१५,०००।- |
| | | **कुल जम्मा** | **३५,८२,२४,९४४.७६।-** | **२३,७०,०७,६८१.२३।-** | **४४,०३,१९,३६७।-** |

**गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु !**
**अब म माथि उल्लेखित आ.व. २०८२/०८३ को क्षेत्रगत विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**(क) पूर्वाधार विकास तर्फ विनियोजनः**

पूर्वाधार विकास तर्फ **रु. ७ करोड ८५ लाख ३० हजार ६ सय ८१ रुपैयाँ** विनियोजन गरेको छु जुन कुल बजेटको **१७.८ प्रतिशत** हुन आउँछ। उक्त बजेट चालु आ.व. २०८१/०८२ को भन्दा **रू.२ करोड ९७ लाख ४० हजार ४ सय ५५ रुपैयाँ** अर्थात **६०.५६ प्रतिशत**ले वृद्धि भएको छ । सो विनियोजनबाट गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि **रु.१ करोड** छुट्याएको छु, साथै ५ वटै वडाहरुमा वडा गौरव योजना सम्पन्न हुनेगरि बजेटको व्यवस्था मिलाएको छु, वडा नं ३ मा संघीय समपुरक अनुदान बाट कबिलाले ताम्राखु हात्तीपोखरी तमोर करिडोर सडक स्तरोन्नती तर्फ **रू.१ करोड १७ लाख** खर्च हुनेगरी व्यवस्था मिलाएको छु, वडा नं ४ मा अवस्थित अधुरो गेट निर्माणका लागि **रू.६ लाख** छुट्याएको छु, वडा नं ३ मा संघीय शसर्त पुजिँगत अनुदान बाट **रू.५० लाख** लालेबर त्रिभुवन आबि हुदै तमोर कोरिडोर जोड्ने मोटर बाटो स्तरोन्नती हुनेगरि व्यवस्था मिलाएको छु साथै डम्पिङ्ग साइट निर्माणका लागि **रु.१५ लाख** विनियोजन गरेको छु । उल्लेखित बाहेक स्थानीय पूर्वाधार सडक, भवन, सिँचाई, उर्जा, सञ्चार, खानेपानी तथा सरसफाई जस्ता क्षेत्रहरुमा खर्च हुने गरी बजेटलाई कुम्मायक गाउँपालिकाको आ.व. २०८२/०८३ को रातो किताबमा समाबेस गरेको छु ।

**(ख) सामाजिक विकास तथा सुशासन तर्फ विनियोजनः**

सामाजिक विकास तथा सुशासन तर्फ **रु. २३ करोड १ लाख ४६ हजार ३ सय १९ रुपैयाँ** विनियोजन गरेको छु जुन कुल बजेटको **५२.३ प्रतिशत** हुन आउँछ। । उक्त बजेट चालु आ.व. २०८१/०८२ को भन्दा **रू.१ करोड २ लाख २ हजार २ सय २१ रुपैयाँ** अर्थात **४.६४ प्रतिशत**ले वृद्धि भएको छ । सो विनियोजनबाट गौरावको खानेपानी आयोजनाको लागि **रू.५० लाख** विनियोजन गरेको छु, आधारभूत एवं माद्यमिक तहका शिक्षक कर्मचारीहरु, प्रारम्भिक बालबिकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको तलब भत्तामा संघीय चालु शसर्त बाट **रू.१२ करोड २८ लाख ९१ हजार** खर्चहुनेगरी व्यवस्था मिलाएको छु, विद्यालय संचालन तथा व्यवस्थापन अनुदान

संघीय चालु शसर्तबाट **रु.२६ लाख ८० हजार** खर्च हुनेगरी व्यवस्था मिलाएको छ ।स्वास्थ्य शाखा स्वास्थ्य चौकी लगायतमा कार्यरत स्थायी कर्मचारीहरुको तलब महगीं भत्ता र पोशाक भत्तामा संघीय शसर्त चालु अनुदानबाट **रु.१ करोड ७६ लाख** विनियोजन गरेको छु। निर्मित गुरु योजनाका आधारमा गाउँपालिकाको साझेदारीमा विद्यालयको भौतिक निर्माणका लागि संघीय शसर्त अनुदान पुजिँगतबाट **रु.१ करोड ३० लाख** बजेट विनियोजन गरेको छु। दिवा खाजा, निशुल्क छात्रावृत्ति, निशुल्क स्यानिटरी प्याड लगायतको व्यवस्थापनका लागि संघीय शसर्त अनुदान चालु मार्फत **रू.९८ लाख २ हजार** विनियोजन गरेको छु । ह्युमन प्रयाक्टिस फाउण्डेशन र गाउँपालिकाको साझेदारीमा सिद्द सरस्वती मा.बि. भवन तथा शौचालय निर्माणका लागि रू.१ करोड २७ लाख ४ हजार ४ सय ९३ रुपैंया खर्च हुनेगरी आवश्यक व्यवस्था मिलाएको छु ।१५ शैयाको कुम्मायक आधारभूत अस्पताल २०८२ असोज मसान्त सम्म निर्माण सम्पन्न हुने व्यवस्था मिलाएको छु । अपाङ्गता रोकथाम तथा पुन स्थापना कार्यक्रमका लागि **रू.२२ लाख ६८ हजार**, स्वास्थ्य बिमा सेवाका लागि **रू.१० लाख**, तमोर लिफ्टिङ् खानेपानी आयोजनाका लागि विद्युत महशुलमा ५०% अनुदान सहायताका लागि **रू.३० लाख** बजेट विनियोजन गरेको छु । उल्लेखित बाहेक शिक्षा, खेलकुद, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, लक्षित बर्ग जस्ता क्षेत्रहरुमा खर्च हुने गरी कुम्मायक गाउँपालिकाको आ.व. २०८२/०८३ को रातो किताबमा समाबेस गरेको छु ।

**(ग) आर्थिक विकास तर्फ विनियोजनः**

आर्थिक विकास तर्फ **रु. २ करोड ६ लाख** विनियोजन गरेको छु जुन कुल बजेटको **४.७ प्रतिशत** हुन आउँछ। । उक्त बजेट चालु आ.व. २०८१/०८२ को भन्दा **रू.३३ लाख ९५ हजार** अर्थात **१४.१५ प्रतिशत**ले न्युन हुने देखिन्छ । सो विनियोजनबाट वडा नं ५ मा कृषि/पशुपंक्षि उत्पादन केन्द्र स्थापना तथा संचालनका लागी **रू.२० लाख** विनियोजन गरेको छु, बेसार उत्पादन तथा प्रशोधन, नव प्रवर्तन कोष साझेदारी कार्यक्रमका लागी **रू.४० लाख**, कृषि तथा पशुपंक्षि क्षेत्र बिकासका लागी **रू.३१ लाख** बजेट विनियोजन गरेको छु । संघीय शसर्त चालु अनुदान मार्फत साना सिँचाई प्रवर्द्धन कार्यक्रमका लागी **रू.१५ लाख**, राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रमका लागी **रू.९ लाख**, रैथाने बालि प्रवर्द्धनका लागी **रू.५ लाख**, आधारभूत भेटेरिनरि प्रयोगशाला कार्यक्रमका लागी **रू.४ लाख**, बाख्रा प्रवर्द्धन कार्यक्रमका लागी **रू.४ लाख** खर्च हुनेगरी व्यवस्था मिलाएको छु । उल्लेखित बाहेक कृषि, पशु, उद्योग, धार्मिक-साँस्कृतिक तथा पर्यटन, सहकारी,

वित्तीय जस्ता क्षेत्रहरुमा खर्च हुने गरी कुम्मायक गाउँपालिकाको आ.व. २०८२/०८३ को रातो किताबमा समावेस गरेको छ ।

**(घ) सामान्य प्रशासन तथा सुशासन प्रवर्द्धन तर्फ विनियोजनः**

सामान्य प्रशासन तथा सुशासन प्रवर्द्धन तर्फ **रु. ९ करोड २४ लाख २ हजार ३ सय ६७ रुपैयाँ** विनियोजन गरेको छ जुन कुल बजेटको **२०.५ प्रतिशत** हुन आउँछ। । उक्त बजेट चालु आ.व. २०८१/०८२ को भन्दा **रू.४५लाख ८ हजार ५ सय ६६ रुपैयाँ २६ पैसा** अर्थात **४.७६ प्रतिशत**ले न्युन हुने देखिन्छ । सो विनियोजनबाट कर्मचारीहरुको तलव भत्ताका लागी **रू.३ करोड २८ लाख ८० हजार ३ सय ६७ रुपैंया**, न्यायिक सेवा तथा कानूनी परामर्शका लागी **रू.१० लाख**, भूमि वर्गिकरण सम्बन्धि कार्य गर्नका लागी **रू.१० लाख**, करार सेवामा कार्यरत कर्मचारीहरु लाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न **रू.१५ लाख**, कर्मचारी कल्याण कोषका लागी **रु.१० लाख** बजेट विनियोजन गरेको छु । उल्लेखित बाहेक सामान्य प्रशासन तथा सुशासन प्रवर्द्धन, सामाजिक सुरक्षा, पञ्जिकरण, क्षमता विकास, राजश्व, रोजगार, न्यायिक समिति, अभिलेख व्यवस्थापन, तथ्याङ्क सङ्कलन, कर्मचारीहरुको तलव भत्ता, जनप्रतिनिधिहरुको सेवा सुबिधा, शिक्षकहरुको तलव भत्ता जस्ता क्षेत्रहरुमा खर्च हुने गरी कुम्मायक गाउँपालिकाको आ.व. २०८२/०८३ को रातो किताबमा समाबेस गरेको छु ।

**(झ) वातावरण तथा विपद् व्यवस्थापनः**

वातावरण तथा विपद् व्यवस्थापन तर्फ **रु. २ करोड ८ लाख** विनियोजन गरेको छु जुन कुल बजेटको **४.७ प्रतिशत** हुन आउँछ । उक्त बजेट चालु आ.व. २०८१/०८२ मा विनियोजन नभएको देखिन्छ । सो विनियोजनबाट वडा नं १ र ४ मा जोखिम युक्त यासोक बजार संरक्षणका लागी पुर्वाधार निर्माण गर्न **रु.१ करोड**, वडा नं २ मा सावा खोला-धुवा खोला नदी नियन्त्रणका लागी **रू. ४० लाख** प्रदेश समपुरक अनुदान मार्फत खर्चहुने व्यवस्था मिलाएको छु साथै उक्त योजनाहरु कार्यन्वयनका लागी गाउँपालिकाबाट थप **रू.६० लाख** बजेट विनियोजन गरेको छु । उल्लेखित बाहेक वन, वातावरण, जलवायू परिवर्तन, विपद् व्यवस्थापन, भू -संरक्षण, जलाधार संरक्षण जस्ता क्षेत्रहरुमा खर्च हुने गरी कुम्मायक गाउँपालिकाको आ.व. २०८२/०८३ को रातो किताबमा समावेस गरेको छु ।

**गाउँसभाका सभाध्यक्ष तथा सदस्यज्यूहरु !**

आर्थिक वर्ष २०८२/०८३ को कुल **रु. ४४ करोड ३१ लाख ९ हजार ३ सय ६७ रुपैयाँ** आय अनुमान गरेको छु। जस मध्ये चालु तर्फ **रू.३० करोड ६४ लाख ८८ हजार ६ सय ८६ रुपैयाँ** अर्थात **६९.६ प्रतिशत** र पूँजिगत तर्फ **रु.१३ करोड ३८ लाख ३० हजार ६ सय ८१ रुपैयाँ** अर्थात **३०.४ प्रतिशत** खर्च हुनेगरी बजेटको प्रस्ताब गरेको छु। उक्त बजेटको योजना तथा कार्यक्रमगत विस्तृत विनियोजन **१८ औं गाउँसभाको** अधिवेशनको दोस्रो बैठकमा पेश गर्नेछु।

बजेट र योजना कार्यक्रम वनाउनु र त्येसको दस्तावेजिकरण गर्नु आफैमा गहन र महत्वपूर्ण कार्य हो, त्यो भन्दा महत्वपूर्ण कार्य त्यसको सफल र प्रभावकारी कार्यान्वयन हुनु हो। सम्बद्ध सवै पक्षको सार्थक सहयोगबाट तयार भएको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेटको सफल कार्यान्वयनमा यहाँहरुको महत्वपूर्ण भूमिका रहने तथ्य निर्विवाद छ। यस अवसरमा कुम्मायक गाउँपालिकाको विकासको सन्दर्भमा प्रभावकारी भूमिका खेल्ने संघीय सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आगामी दिनहरुमा सबैवाट यथोचित सहयोग र सद्भावको आशा र अपेक्षा गरेको छु। यसै सन्दर्भमा वजेट तथा कार्यक्रमको पूर्ण विवरण समेटिएको गाउँसभाको अधिवेशनको निर्णय सहितको पुस्तिका चाँडै प्रकाशन गरी यहाँहरु समक्ष उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछु।

अन्तमा,आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमले अवश्य पनि समग्र गाउँवासीको भावनाको प्रतिनिधित्व गर्ने अपेक्षा राख्दछु र यस कुम्मायक गाउँपालिकाको **"सामाजिक, आर्थिक विकासको पूर्वाधार, समृद्ध कुम्मायकको आधार"** तयार हुनेमा म विश्वस्त छु।

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष र परोक्षरूपमा सहयोग पुर्‍याउनु हुने गाउँपालिका प्रमुख ज्यू, बजेट तर्जुमाको प्रारम्भिक चरणदेखि बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा सम्मका हरेक क्षणमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रही सहयोग पुर्‍याउनु हुने वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसै गरी बजेट तथा कार्यक्रम तयार गर्न प्रारम्भिक चरणदेखि अन्त्यसम्म अहोरात्र खट्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सवै कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु। यस गाउँपालिकाले बजेटले लिएको

लक्ष्य तथा उद्देश्य हासिल गर्न स्वीकृत कार्यक्रम तथा बजेट समयमै कार्यान्वयन गरी प्रतिफल प्राप्तिका लागि यहाँहरु सहित सम्पूर्ण गाउँवासीहरुको सकृय सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास राख्दै मेरो आगामि आ.व. २०८२/०८३ को बजेट प्रस्तुतिलाई यही अन्त्य गर्ने अनुमती चाहान्छु ।

**धन्यवाद ! जय कुम्मायक !**

**प्रस्तोता**
**उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का**
**कुम्मायक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**यासोक, पाँचथर**

**मिति २०८२ साल आषाढ १० गते मंगलवार रोज शुभम् ।**

कुम्मायक गाउँपालिका पाँचथर